नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय
सामान्य सेवा विभाग

**यस बैंकको लागि आवश्यक विविध छपाई सामाग्री (संघ राजस्व भौचर ८,००० प्याड तथा प्रदेश राजस्व भौचर ८,००० प्याड) छपाई गर्ने बारे सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति : २०७७/०४/१९)**

**दरभाउपत्र न. NBL/SQ01/G077/78**

१.दरभाउपत्र फारमको लागि रु.१,०००/-(पछि फिर्ता नहुने गरी) यस बैंकको न्यू रोड, भूगोलपार्क स्थित काठमाडौं बैकिङ्ग अफिसमा रहेको खाता नं.००२००१०६७११२८३००००००१ मा जम्मा गरि, सो रसिदको आधारमा यस बैंकको सामान्य सेवा विभागबाट दरभाउपत्र फारम प्राप्त गर्न सकिनेछ ।

२. दरभाउपत्र पेश गर्दा फर्म, संस्था वा कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालय वा घरेलु तथा साना उद्योग कार्यालय वा वाणिज्य विभागको कार्यालयमा दर्ताको नबिकरण सहितको प्रमाणपत्र/ व्यवसाय दर्ताको नबिकरण सहितको इजाजत पत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता नम्बर (PAN), आ.व २०७५/७६ सम्मको आन्तरिक राजस्व विभागबाट प्राप्त कर चुक्ता गरेको प्रमाणपत्र, छापाखाना संचालन गर्ने प्रमाण पत्र तथा कम्पनीको हकमा प्रवन्धपत्र, नियमावलीको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

३. दरभाउपत्रदाताले धरौटी वापत रु.२५,०००/-(अक्षरेपी पच्चिस हजार मात्र) यस बैंकको न्यूरोड, भूगोलपार्क स्थित काठमाण्डौं बैकिङ्ग अफिसमा रहेको खाता.नं.००२००१०६७११२८०००००००१ मा नगद जम्मा (भौचरमा रकम जम्मा गर्दा विविध छपाई सामाग्री छाप्ने दरभाउपत्र वापत लेखी दरभाउपत्रदाताको नाम खोल्नु पर्नेछ ) गरेको सक्कल भौचर वा सो बराबरको रकमको दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट प्रारम्भ हुने गरी न्यूनतम ७५ दिन अवधि भएको अन्य वाणिज्य बैंकबाट जारी बिड बण्ड जमानत अनिवार्य रुपले पेस गर्नु पर्नेछ । ७५ दिन भन्दा कम अवधिको बैंक जमानत संलग्न भएको दरभाउपत्र स्वतः रद्द हुनेछ ।

४. दरभाउपत्रहरु यस सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयसम्म यस विभागबाट उपलब्ध हुने दरभाउपत्र फारम खरिद गरी १६ औं दिन (२०७७/०५/०२) को बिहान ११:०० बजे सम्म बुझाई सक्नु पर्नेछ र प्राप्त दरभाउपत्रहरु सोहि दिनको १२:३० बजे यस बैंकको प्रधान कार्यालय स्थित सामान्य सेवा विभागमा खोलिनेछ ।

५. रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्र तथा दरभाउपत्रदाताले कुनै शर्त राखी पेश गरेको दरभाउपत्रलाई मान्यता दिइने छैन ।

६. विविध छपाई सामाग्री छाप्ने दरभाउपत्र बुझाउने दरभाउपत्रदाताको आफ्नै छापाखाना हुनुपर्नेछ ।

७. विविध छपाई सामाग्रीको नमूना दरभाउपत्र फारमका साथ प्राप्त गर्न सकिनेछ ।

८. अन्य व्यहोरा दरभाउपत्र आवेदन फारममा संलग्न कागजात अनुसार हुनेछ । कुनै थप जानकारीको लागि कार्यालय समय भित्र यस बैंकको प्रधान कार्यालय सामान्य सेवा विभागमा सम्पर्क गर्न सकिनेछ ।